ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

कुलुङ र नेपाली भाषाका व्याकरणिक कोटिमा व्यतिरेक

गीता कुलुङ राई

महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

Gitakulung.rai123@gmail.com

https://doi.org/10.3126/gyandeep.v10i2.77322

सारसङ्क्षेप

यस लेखमा कुलुङ र नेपाली भाषाका व्याकरणिक कोटिमा पाइने भिन्नताको अध्ययन गरिएको छ । कुलुङ नेपालमा मातृभाषाका रूपमा प्रयोगमा रहेको किरात वर्गको भाषा हो । यो भोट चिनिया परिवारअन्तर्गत पर्दछ भने बहुसङ्ख्यक नेवालीहरूले सम्पर्क भाषाका रूपमा प्रयोग गर्दै आएको र नेपालको संविधानले समेत सरकारी कामकाजको भाषाका रूपमा परिभाषित नेपाली भाषा भारोपेली परिवारअन्तर्गत पर्ने भाषा हे । नेपालमा पहिलो भाषाका रूपमा जुनसुकै भाषाको प्रयोग गरे पनि दोस्रा भाषाका रूपमा नेपाली भाषा सिक्नै पर्ने बाध्यता रहेको छ । यस सन्दर्भमा दोस्रा भाषाका रूपमा नेपाली भाषा सिक्दा कुलुङ मातृभाषी सिकारुलाई केकस्ता कठिनाइ आइपर्छन् भन्ने विषयमा केन्द्रित भई यो लेख तयार पारिएको हो । पुस्तकालयीय स्रोतका सामग्रीहरूका साथै आफ्नै भाषिक ज्ञानको प्रयोग गरी तयार पारिएको यो लेख गुणात्मक ढाँचामा आधारित छ । यसमा कुलुङ भाषाका व्याकरणिक कोटिको परिचयसहित नेपाली भाषाका व्याकरणिक कोटि दिइएको छ । यस सन्दर्भमा जातीय परिचयअन्तर्गत नामकरण, जनसंख्या र बसोवास क्षेत्रको जानकारीसहित भाषिक परिचय बताइएको छ । भाषिक परिचयअन्तर्गत पारिवारिक अवस्था र व्याकरणिक कोटिको वर्णन गरिएको छ । प्राय सबै व्याकरणिक कोटिहरूमा कुलुङ र नेपाली भाषामा व्यतिरेकता रहेको निष्कर्ष यस लेखबाट प्राप्त भएको छ ।

शब्दकुञ्जी : व्याकरणिक कोटि, काल, पक्ष, भाव, संपृक्त रूप ।

विषयपरिचय

नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक मुलुक हो । नेपाल विविध जनजातिहरूको बसोबास स्थल भएका कारण यहाँ विविध भाषाहरू पाइन्छन् । नेपालको संविधान २०७२ ले नेपालमा बोलिने सबै भाषाहरूलाई राष्ट्रभाषाका रूपमा मानेको छ । राष्ट्रिय जनगणना २०६८अनुसार नेपालमा भारोपेली, भोटचिनिया, आग्नेली, द्रबिडेली र एकल गरी पाँचवटा परिवारका भाषाहरू बोलिन्छन् (न्यौपाने, २०७३:१२९) । तीमध्ये कुलुङ पनि एक भाषा हो । नेपालमा कुलुङ जातिको संख्या २८,६१३ देखाइएको छ भने कुलुङ भाषा बोल्नेको संख्या ३३,१७० देखाइएको छ न्यौपाने, २०७३: १२९) । कुलुङ समुदायमा परापूर्व कालदेखि बोलिने भाषालाई कुलुङ भाषा भनिन्छ । यो भाषा कुलुङ जातिको मातृभाषाका रूपमा बोलिने भाषा हो । कुलुङ पूर्वी नेपालको माझकिराँत प्रदेशमा बोलिने भाषाहरूमध्ये एउटा भाषा हो । वर्तमान अवस्थामा यो भाषा नेपालको सोलुखुम्बु, सङ्खुवासभा, भोजपुर, सुनसरी र इलाम जिल्लाहरूमा कुलुङ जातिको बसोवास भएका क्षेत्रमा अत्यधिक बोलिने गरिन्छ (रापचा, सन् २००८: २०५) । भोटचिनिया भाषापरिवारभित्र कुलुङ भाषा भोटबर्मेली उपपरिवारको हिमाली शाखाको किरात समूहअन्तर्गत सार्वनामिक वर्गमा पर्दछ । यसै गरी भारोपेली भाषापरिवारअन्तर्गत पर्ने नेपाली सरकारी कामकाजको भाषा हो । यो नेपालभरि बोलिन्छ । यसका साथै सबै विद्यालयीय तहमा यस भाषाको अध्यापन पनि हुन्छ । ती विद्यालयमा नेपाली पढ्ने विद्यार्थीहरूले

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
मातृभाषाका प्रभावका कारण नेपाली भाषामा त्रुटि गर्दछन् भने शिक्षकहरूलाई पनि नेपाली भाषा र कुलुङ भाषाका बिचको संरचना थाहा नहुनाले शिक्षणमा कठिनाइ हुन्छ । यसै पृष्ठभूमिमा कुलुङ भाषा र नेपाली भाषाका व्याकरणिक कोटिहरूको व्यतिरेकी अध्ययन शीर्षकमा यो लेख तयार पारिएको हो ।

नेपालमा बोलिँदै आएका भाषाहरूमध्ये कुलुङ भाषा र नेपाली भाषाका व्याकरणिक कोटिहरूका बिचको व्यतिरेकी अध्ययन भएको पाइँदैन । त्यसैले यस लेखले आफ्नो अध्ययनका निम्ति कुलुङ भाषा र नेपाली भाषाका व्याकरणिक कोटिहरूको व्यतिरेकी अध्ययन विषयलाई केन्द्र मानेको हो । कुलुङ भाषामा केकस्ता व्याकरणिक कोटिहरू छन् तथा कुलुङ र नेपाली भाषाका व्याकरणिक कोटिहरूका बिच केकस्तो व्यतिरेक पाइन्छ ? भन्ने समस्यामा केन्द्रित भई यी समस्याको प्राज्ञिक समाधान खोज्ने उद्देश्य राखिएको छ । कुलुङ मातृभाषीले दोस्रो भाषाका रूपमा नेपाली भाषा बोल्दा व्याकरणिक कोटिहरूमा सम्भाव्य त्रुटि पत्ता लगाउनु यस लेखको मुख्य उद्देश्य हो ।

अध्ययनविधि

गुणात्मक अनुसन्धान ढाँचामा आधारित रहेर यो लेख तयार पारिएको छ । यसका लागि पुस्तकालयीय अध्ययन पद्धतिबाट प्राथमिक तथा द्वतीयक स्रोतका सामग्रीहरू सङ्कलन गरिएको छ । यस क्रममा लेखकका आफ्नै भाषिक तथ्याङ्कलाई यहाँ प्राथमिक स्रोत सामग्रीका रूपमा र पुस्तकालयीय स्रोतका अन्य सामग्रीलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ । यसरी पुस्तकालयीय स्रोतबाट प्राप्त पुस्तक, अनुसन्धान लेख, पत्रिकाआदि सामग्रीलाई उपयोग गरी प्राप्त सामग्रीहरूको अध्ययन, विश्लेषणबाट निष्कर्ष निकालिएको यस लेखमा यस किसिमका सङ्क्षेपीकृत शब्दहरूको प्रयोग गरिएको छ : साक = साधककर्तृक, बव = बहु वचन, प्रपुकर्ता = प्रथम पुरुष कर्ता, तृपु कर्म = तृतीय पुरुष कर्म, प्रपुएव = प्रथम पुरुष एकवचन, अपू = अपूर्ण, अपा = अपादान, सं = सम्बन्ध, अधि = अधिकरण, सहा = सहार्थक, द्विव=द्विवचन, असमा = असमावेशी ।

परिणाम र विमर्श

नेपालका १२५ सामाजिक समूहहरूले बोल्ने १२३ मातृभाषाहरू रहेका छन् (सिबिएस, २०११) । कुलुङ भाषा किरात राई समूहका २६ वटा भाषाहरू (सिबिएस २०११) मध्ये कुलुङ भाषा कुलुङ राई समुदायको मातृभाषा हो । कुलुङ (२०७४:५०) का उल्लेखअनुसार छेम्सी, ताम्सी, सोताङ (सोत्तो) र पिल्मोङहरूले बोल्ने मातृभाषा नै कुलुङ भाषा हो । यसको मूल थलो महाकुलुङ (हुङव उपत्यका) मानिन्छ । नेपालमा बोलिने कुलुङ भाषालाई भान द्रिम (सन् २०११ : ६९८)को सन्दर्भ लिंदै कुलुङ (सन् २०१३ : ५) ले उल्लेख गरेअनुसार भोटचिनिया भाषापरिवारको भोटबर्मेली उपपरिवारअन्तर्गत हिमाली शाखाको केन्द्रीय किराती समूहमा राखिएको पाइन्छ । यसका दुई उपसमूह छन् : खुम्बु उपसमूह र दक्षिणी किराती उपसमूह । यसलाई कुलुङ रिङ पनि भनिन्छ । भाषावैज्ञानिकहरूले कुलुङ भाषाको एक भाषिकाका रूपमा नाछिरिङ बोलीलाई लिएका छन् । कुलुङ सबै कुलुङ समुदायमा बोलिन्छ तर नाछिरिङ सोलुखुम्बू जिल्लाका सोताङ र हुलु गाउँमा मात्र बोलिन्छ । नाछिरिङहरू आफ्ना बोलीलाई सोत्तो रिङ भन्दछन् तर यस बोली र कुलुङ बोलीमा भिन्नता देखिंदैन । यसैले यसका भाषिका मानिएका छैनन् (कुलुङ, सन् २०११:६) ।

कुलुङ भाषाका व्याकरणिक कोटि

कुलुङ भाषामा लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव (अर्थ), कारकविभक्ति, समावेशात्मकता/ असमावेशात्मकता र ध्रुवीयतालाई व्याकरणिक कोटि मानेर अध्ययन गरिएको छ । यस्ता व्याकरणिक कोटिहरू पनि दुई किसिमका छन् : नामिक व्याकरणिक कोटि र क्रियात्मक व्याकरणिक कोटि ।

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

नामिक व्याकरणिक कोटि

नामिक अर्थात् नाम, सर्वनाम र विशेषणमा रूपायन गर्ने वा रूपावली बनाउने व्याकरणिक कोटिलाई नामिक व्याकरणिक कोटि भनिन्छ । कुलुङ भाषामा यसअन्तर्गत लिङ्ग, वचन, पुरुष, समावेशात्मकता र वाक्यात्मक कारकविभक्ति पर्दछन् ।

लिङ्ग : न्यौपाने (२०६३:९३) ले माधवप्रसाद पोखरेल र अधिकारी (२०५२ ५४, २११—२१२) समेतको सन्दर्भसहित नेपालीमा शाब्दिक, व्युत्पादनिक र रूपायनिक वा व्याकरणिक लिङ्ग भएको उल्लेख गरेको पाइन्छ । पुरुष र स्त्रीको लिङ्गभेद जनाउन छुट्टाछुट्टै स्वतन्त्र शब्द आए यसलाई शाब्दिक लिङ्गभेद भनिन्छ ।

(१) अस्त्रीलिङ्ग स्त्रीलिङ्ग

क. पापा “बुवा” मामा “आमा”

ख. बोबो “काका” छोङ्मा “काकी”

ग. बुबु “दाजु” नाना “दिदी”

घ. पारुहाङ “शिव” सुम्निमा “पार्वती”

यी सबै उदाहरणहरूमा लिङ्गभेद जनाउन छुट्टाछुट्टै स्वतन्त्र शब्द आएको पाइन्छ । यसैले यस किसिमका लिङ्लाई शाब्दिक लिङ्ग भनिएको हो ।

पुरुष वा भाले र स्त्री वा पोथीको लिङ्गभेद जनाउन शब्द वा आधारमा सर्ग लागेमा यसलाई व्युत्पादनिक लिङ्गभेद भनिएको छ । यसका लागि –मा आएको पाइन्छ । तलका उदाहरण हेरौं :

(२) अस्त्रीलिङ्ग स्त्रीलिङ्ग

क. हाङ्“राजा” हाङ्मा “रानी”

ख. बो “सुँगुर” बोम्मा “सुँगुरनी”

ग. नार “बाघ” नारामा “बघिनी”

यी उदाहरणहरूमा पुरुष वा भाले जनाउने शब्दमा स्त्रीत्वबोधक सर्ग लागेर स्त्रीलिङ्गको व्युत्पादन भएको देखिन्छ । कुलुङ भाषामा /–मा, /मिम्–/ उपसर्ग वा /–मे/ प्रत्यय लगाएर स्त्रीत्वको व्युत्पादन गरिएको पाइन्छ ।

पदावली तहमा सङ्गति जनाउँदै विशेषण र विशेष्यमा लिङ्ग चिन्हित भएमा त्यसलाई पदावलीय तहको लिङ्ग भनिन्छ; जस्तै :

(३) क. कुलुङ : गुगुर्पा बाच्छा – गुगुर्मा मिम्छा ।

नेपाली : कालो केटो – काली केटी ।

ख. कुलुङ :ङायिपो बाच्छा छा– ङायीमो मिम्छा छा ।

नेपाली : राम्रो केटो – राम्री केटी ।

यहाँका नेपाली भाषा र कुलुङ भाषाका उदाहरणमा विशेष्यका लिङ्गअनुसार विशेषणको लिङ्ग निर्धारित भएको छ । यो पदावलीय तहको लिङ्गविधान हो । भेद्य (नाम) का लिङ्गमा सङ्गति जनाउँदै भेदकमा लिङ्ग चिन्हित भएमा त्यसलाई पनि पदावलीय रूपायनिक लिङ्ग भनिन्छ; जस्तै :

(४) क. कुलुङ : राम्मी बाच्छा – राम्मी मिम्छा ।

नेपाली : रामको छोरो – रामकी छोरी ।

ख. कुलुङ : नेछोमी खिम्– नेछोमी तोमा ।

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

नेपाली : भाइको घर – भाइकी स्वास्नी ।

यसरी कुलुङ भाषाका पदावली तहमा भेद्यअनुसार भेदक चिन्हित भएको पाइँदैन । कुलुङ भाषाका निम्नलिखित उदाहरण हेरौं :

(५) क. बाच्छा खाता – मिम्छा खाता ।

नेपाली : छोरो गयो– छोरी गई ।

ख. तुप्पो खापा – तोमा खापा ।

नेपाली : लोग्ने रोयो– स्वास्नी रोई ।

वाक्य तहका यी उदाहरणहरूमा कुलुङ भाषामा कर्ता जुन लिङ्गको भए पनि क्रियापदको स्वरूप एउटै छ तर नेपालीमा भने कर्ता र क्रियामा लिङ्ग सङ्गति देखिन्छ ।

वचन : नामको सङ्ख्यासँग सम्बन्धित व्याकरणात्मक कोटि वचन हो । त्यसैले यसको सम्बन्ध सङ्ख्या नामसँग रहेको हुन्छ ।

नाममा वचन व्यवस्था : कुलुङ भाषाका नाममा एकवचन र अनेक वचन गरी दुई भेद हुन्छन् । एकवचन नाममा कुनै सर्ग लागेको हुँदैन, अनेक वचनमा –ची प्रत्यय जोडिएको पाइन्छ । सामान्यतः गणना हुने नाममा मात्र –ची थपेर अनेक वचन बनाउन सकिन्छ; जस्तै :

(६) एकवचन	अनेक वचन		
क. खिम् "घर"	खिम् –ची	= खिम्ची	"घरहरू"
ख. मिस् "मान्छे"	मिस् –ची	= मिस्ची	"मान्छेहरू"
ग. वा "कुखुरा"	वा – ची	= वाची	"कुखुराहरू"

यहाँ लागेका –ची प्रत्ययले दुई वा बढी भन्ने जनाउँछ । कति हो भन्ने यकिन चाहिं वाक्यमा आएका क्रियापद वा पूर्ववर्ती संख्यावाचक शब्दबाट निर्धारण हुन्छ; जस्तै :

(७) एकवचन		अनेकवचन		
क. निच्ची खिम् –ची	"दुइटा घर"	हायाम्धेतो खिम्–ची	= खिम्ची	"धेरै घरहरू"
ख. निप्पो मिस् –ची	"दुईजना मान्छे"	हायाम्धेतो .मिस्–ची	= मिस्ची	"धेरै मान्छेहरू"
ग. निच्ची वा–ची	"कुखुरा"	हायाम्धेतो वा–ची	= वाची	"धेरै कुखुराहरू"

कुलुङ भाषाका सर्वनामका वचन र पुरुषचिन्हकहरू संश्लिष्ट भएर आएका पाइन्छन् । भिन्न भिन्न पुरुषमा भिन्न भिन्न सर्वनामका रूपहरू छन् । तिनीहरूअनुसार वचन सर्ग लागेको देखिन्छ ।

क. पुरुषवाचक सर्वनाम

कुनै शब्द (सर्वनाम र क्रियापद) ले सहभागिता जनाउने व्याकरणिक कोटिलाई पुरुष भनिन्छ । पुरुष तीन प्रकारका हुन्छन् : प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष । यसको अभिव्यक्ति सर्वनाममा भएको पाइन्छ । कुलुङ भाषामा पनि सर्वनामका तीन पुरुष हुन्छन् : प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष । कुलुङ भाषामा सहभागी वा प्रथम पुरुषवाचक सर्वनाममा –स लागेर द्विवचन बन्ने तथा –इ प्रत्यय लागेर बहुवचनको निर्माण भएको पाइन्छ । त्यसै गरी द्वितीय पुरुषवाचक सर्वनाम आन् "तँ" मा –ची प्रत्यय लागेर द्विवचनको तथा –नी प्रत्यय लागेर बहुवचनको निर्माण हुने गर्दछ भने तृतीयपुरुषवाचक सर्वनाम ख "ऊ" मा –ची प्रत्यय लागेर द्विवचन र –स लागेर बहुवचन जनाइएको देखिन्छ; जस्तै : —

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

प्रथमपुरुष

(८) एक वचन द्विवचन बहुवचन

क. कोङ् "म" कास् "हामीहरू दुई (तँसहित)" केइ "हामीहरू" (तँसहित)

ख. कास्का "हामीहरू दुई (तँबाहेक)" केइका "हामीहरू (तँबाहेक)"

द्वितीय पुरुष

(९) एक वचन द्विवचन बहुवचन

आन्/आना "तँ" आन्ची "तिमीहरू दुई " आन्नी "तिमीहरू"

तृतीय पुरुष

(१०) एक वचन द्विवचन बहुवचन

ख ख "ऊ" खची "उनीहरू दुई " खस "उनीहरू"

ख. दर्शक सर्वनाम

दर्शक सर्वनाम उङ्क "यो र मुङ्क "त्यो" मा –ची प्रत्यय लागेर अनेकवचन (द्विवचन तथा बहुवचन) को निर्माण हुन्छ ।

कुलुङ भाषाका सर्वनामका प्रथम पुरुष द्विवचन र बहुवचनमा श्रोतालाई पनि समेट्ने कि नसमेट्ने भन्ने आधारमा समावेशी र असमावेशी भेद पाइन्छन् । समावेशी स्वरूपमा श्रोतालाई समेटिन्छ । यसका लागि थप सर्ग लाग्दैन भने असमावेशीमा श्रोतालाई समेटिंदैन । यसका लागि सर्वनाममा /–का/ जोडिन्छ; जस्तै :

(११) द्विवचन बहुवचन

क.समावेशीः कास् "हामीहरू दुई (तँसहित)" केइ "हामीहरू" (तँसहित)

ख.असमावेशीः कास्का "हामीहरू दुई (तँबाहेक)" केइका "हामीहरू (तँबाहेक)"

कारकविभक्ति : कुलुङ भाषामा क्रियापदसित प्रत्यक्ष सम्बन्ध राख्न वाक्यात्मक कारकका अभिव्यक्तिका लागि विभक्तिहरू लाग्ने गरेको पाइन्छ । विभक्तिका कारणले हुने यस्ता कारकहरू निम्नलिखित छन् :

निरपेक्षक : कुनै पनि विभक्ति नलागेका कर्ता र कर्मलाई निरपेक्ष कारक भनिन्छ । कुलुङ भाषामा अकर्मक क्रियाको कर्ता र सकर्मक क्रियाका कर्मका लागि कुनै विभक्ति चिन्ह लागेको देखिंदैन; जस्तै :

(१२)क. कोङ्खिम्पी तुवो ।

नेपाली : म घरमा बस्छु ।

ख. बाच्छाआ जा चय ।

नेपालीः केटाले भात खायो ।

साधककर्तृकः करण कारककै विभक्ति लागेका कर्तालाई साधककर्तृक कारक भनिन्छ । कुलुङ भाषामा सकर्मक क्रिया भएमा कर्तामा अनिवार्य रूपमा करण कारककै विभक्ति लागेको पाइन्छ; जस्तै :

(१३)क. केइआ छोची मीआम्नो ।

केइ–आ छो –ची मी–आम्–नो

हामीहरू–साक चरो –बव मार्–प्रपुकर्ताःतृपुकर्म–निषेध

नेपालीः हामीहरूले चरा मार्दैनौं ।

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

करण : क्रिया सम्पन्न गर्ने साधा, माध्यम वा कारणलाई करण कारक भनिन्छ । कुलुङ भाषामा यसका लागि नामिकमा –आ चिन्ह लाग्दछ; जस्तै :

(१४) कोङ्दिआ सेतो ।

कोङ्दि–आ सेत्–ओ

म जाँड–साक मात्–प्रपुएव

नेपाली :म जाँडले मातें ।

अपादान : कुलुङ भाषामा अपादान कारकका लागि निरन्तरता जनाउँदा समयवाचक शब्दमा –यिका लागेको पाइन्छ भने अन्य अवस्थामा –पिका लागेको पाइन्छ; जस्तै :

(१५)क. एस्पायिका झरी ताचइ ।

एस्पा–यिका झरी ता–चइ

हिजो–देखि झरी आउ–अपू

नेपाली : हिजोदेखि पानी पर्दै छ ।

ख. कोङ्मकालुपिका इटहरी बनो ।

कोङ्मकालु–पिका इटहरी बन्–ओ

म मकालु–अपा इटहरी आउ–प्रपुएव

नेपाली : म मकालुदेखि आएँ ।

सम्बन्ध :

(१६)क. राम्मी खिम्

राम् –मी खिम्

राम–सं घर

नेपालीः रामको घर

ख. नेछोमी हु ।

नेछो–मी हु ।

भाइ–सं हात ।

नेपालीः भाइको हात ।

अधिकरण : क्रियाको नामिक आधार जनाउँदा नामिकबाट सङ्केतित वस्तुका दिशाअनुसार कुलुङ भाषामा –पी, –तो वा –पु लागेको पाइन्छ; जस्तै :

(१७)क. बुर्छोप्तो नोङ तुवे ।   : उच्च

बुर्छोप्–तो नोङ तु–ए

थोप्–तो सि तु–ए

टाउको–अधि जुम्रा छ–तृपु

नेपाली : टाउकामा जुम्रा हुन्छ ।

ग. लोङ्पु खेर् तुवे ।   : निम्न

लोङ्–पु खेर् तु–ए

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

खुट्टा–अधि घाउ छ–तृपु

नेपाली : खुट्टामा घाउ हुन्छ ।

लक्ष्य : कुलुङ भाषामा गतिको अन्तिम विन्दु जनाउने नाममा –यिका लागेको पाइन्छ, जस्तै :

(१८) कोङ्धरान्सोम्मा खातो ।

नेपालीः म धरानसम्म जान्छु ।

ज. विनार्थक

कुलुङ भाषामा एउटा नामबाहेकको अर्का नामलाई जनाउन –मान्दी जोडिएको पाइन्छ; जस्तै :

(१९). कोङ्सामान्दी जा चोनो ।

कोङ्सा–मान्दी जा चा–ओ –नो

म मासु–विना भात खा–प्रपुएव–निषेध

नेपाली : म मासुविना भात खान्न ।

सहार्थक : कुलुङ भाषामा एउटा नामसँग अर्का नामसँग सम्बन्ध जनाउन –लो लागेको पाइन्छ; जस्तै :

(२०). कोङ्हरिलो खतो ।

कोङ्हरि–लो खत्–ओ

म हरि–सहा जा–प्रपुएव

नेपाली : म हरिसँग जान्छु ।

क्रियात्मक व्याकरणिक कोटि

कुलुङ भाषाका क्रिया वा धातुमा रूपायनका लागि आउने व्याकरणिक कोटिहरूमा वचन, पुरुष, समावेशात्मकता, काल, पक्ष, भाव र ध्रुवीयता पर्दछन् ।

क्रियाको वचन र पुरुष व्यवस्था : कुलुङ भाषाका क्रियामा एकवचन, द्विवचन र बहुवचन गरी तीन प्रकारका वचन पाइन्छन् । वाक्यमा प्रयुक्त कर्ताअनुरूप क्रियाको पनि रूपायन हुन्छ तर नाम वा तृतीय पुरुष सर्वनाम कर्ता भएमा चाहिं क्रिया अनेकवचनको देखिन्छ; जस्तै :

(२१) कोङ्इम्सो ।

कोङ्इम्स्–ओ

म सुत्–प्रपुएव

नेपाली : म सुत्छु/सुतेँ ।

कुलुङ भाषामा सङ्गति व्यवस्था पाइने हुनाले कर्ता सर्वनामका पुरुषअनुसार क्रियापदको पुरुष निर्धारित भएको पाइन्छ ।

कुलुङ भाषाका क्रियामा सर्वनामसँग क्रियाको सङ्गति पाइने हुनाले सर्वनामका समावेशी र असमावेशी रूपअनुसार क्रियापदमा पनि समावेशात्मकता निर्धारित हुन्छ । यसका लागि समावेशीमा कुनै रूप देखिंदैन भने असमावेशीमा क्रियाका अन्तमा /–का/ जोडिन्छ; जस्तै :

(२२)क. प्रपुद्विव(समा): कास् इम्ची ।

कास् इम्स्–ची ।

हामी दुई सुत्‌ –द्विव

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

नेपाली : हामी दुई सुत्छौं ।

ग. प्रपुद्विव(असमा) (असमावेशी): कास्का इम्चीका ।

कास्–का इम्स्–ची–का

हामी दुई–असमा सुत््–द्विव–असमा

नेपाली : हामी दुई सुत्छौं ।

घ. प्रपुबव (समा): केइ इम्स्या ।

केइ इम्स्–या

हामीहरू सुत्–बव

नेपाली : हामीहरू सुत्छौं ।

ङ.बहुवचन (असमावेशी): केइका इम्स्याका ।

केइ–का इम्स्–या–का

हामीहरू–असमा सुत्–प्रपुबव–असमा

नेपाली : हामीहरू सुत्छौं ।

काल र पक्ष : यसका लागि अभूत काल र भूत कालमा छुट्टाछुट्टै उपसर्ग लागेको पाइन्छ तर कुलुङ भाषामा भने भविष्यत् काल पनि भएको उल्लेख प्रेमचन्द्र कुलुङले गरेका छन् (कुलुङ, सन् २०१३, पृ. ५६) ।
कालका विविध अवस्था विशेषलाई सङ्केत गर्ने रूपायनिक कोटिलाई पक्ष भनिन्छ । यो पनि क्रियामा अभिव्यक्त हुने कोटि हो । यो नेपालीमा कालिक सर्गभन्दा अगाडि देखा पर्दछ (न्यौपाने र अन्य २०६७: १०२) । नेपालीमा काल र पक्षबोधक सर्गहरू भिन्न भिन्न भएकाले यी छुट्टिन्छन् तर कुलुङ भाषामा यस्तो विभाजन स्पष्ट देखिंदैन । काल र पक्षबोधक सर्गहरू संपृक्त रूप भएर पनि आएका पाइन्छन् । कतिपय अवस्थामा वचन र पुरुषबोधक सर्गहरूले नै काल र पक्षको पनि काम गरेको पाइन्छ । यसैले यस भाषामा काल र पक्षलाई एकै साथ हेर्नुपर्ने देखिएको छ (कुलुङ, सन् २०१३, पृ. ५६–१३०) ।

सामान्य अभूत काल : सामान्य पक्षले कार्यको पूर्णता, अपूर्णता वा निरन्तरता जनाउने हुँदैन । यसले त्यस कार्यको सामान्य अभिव्यक्तिमात्र गर्दछ । यसका लागि कुनै चिन्ह लागेको पाइँदैन । यस काल र पक्षमा क्रियाको व्यापार र अवस्था पूरा नभएको हुन्छ । कुलुङ भाषामा यस किसिमको क्रियाको अवस्था पाइन्छ; जस्तै :

(२३)क. मिम्छाची तेइ खेतस ।

नेपाली : केटीहरू लुगा किन्छन् ।

ख. फोपा नप लाम्पी लम्दुमे ।

नेपालीः बाजे सुबाटोमा हिंड्नुहुन्छ ।

ग. छउमी निच्ची लाप्तो तुवे ।

नेपाली : चराका दुईवटा पँखेटा छन् ।

सामान्य पक्षमा कुलुङ भाषामा भविष्यत् काल देखिंदैन, पछिका समय बुझाउनु परेमा समयबोधक क्रियायोगीको प्रयोग गरिन्छ; जस्तै :

(२४)क. कुलुङ : कोङ देसा खतो ।

नेपाली : म भोलि जाने छु ।

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

ख. कुलुङ : आन् छिन्दी खाते ।

नेपाली : तँ/ तिमी पर्सी जाने छस् / जानेछौ ।

ख. कुलुङ : ख नाम्मो बाने ।

नेपाली : ऊ आधौं आउने छ ।

सामान्यतः कुलुङ भाषामा अकर्मक र सकर्मक क्रियाको रूपरचना भिन्नै किसिमले हुन्छ । सकर्मक क्रियामा कर्मका पुरुष र वचनको पनि सङ्केत गरिने भएकाले रूपायनमा भिन्नता भएको हो ।

(२७) कोङ्इम्सो ।

कोङ्इम्स्–ओ

म सुत्–प्रपुएवःअभूत

नेपाली : म सुत्छु/सुत्ने छु ।

सामान्य भूत काल : सामान्य भूतकालले बितेका समयको साधारण सङ्केत गर्छ । कुलुङ भाषामा सामान्य भूतकाललाई सङ्केत गर्ने क्रियाको व्यापारका लागि अकर्मकमा –आ र सकर्मकमा –उ जोडिएको पाइन्छ; जस्तै :

(२८) कोङा जा चो ।

कोङ्–आ जा चा–आ–उः

म–साक भात खा–भूत–तृपुकर्म

नेपाली : मैले भात खाएँ ।

अपूर्ण अभूत काल : यस पक्षले कुनै खास समयमा कार्य पूरा नभइसकेको अवस्थालाई बुझाउँछ । कुलुङ भाषामा अपूर्ण पक्ष अभूत र भूत गरी दुई कालिक परिवेशमा आएको पाइन्छ । दुवै कालका लागि अपूर्ण पक्ष जनाउन भिन्न भिन्न सर्ग आएका पाइन्छन् । अपूर्ण अभूतका लागि –चोइ, –चाइ र –चइ मध्ये एउटा लागेको पाइन्छ, जस्तैः

(२९) कोङ्इम्सोचोइओ ।

कोङ्इम्स्–ओ–चोइ –ओ ।

म सुत्– अभूत– अपू– अभूत

नेपाली : म सुत्दै छु ।

यस उदाहरणमा के देखिन्छ भने अभूत कालमा धातुका पछि कर्ताका पुरुषअनुसार –चोइ/–चाइ वा –चइ आएर अपूर्ण पक्ष बुझाइएको छ ।

(३०) कोङ्इम्सोचोइओ ।

कोङ्इम्स्–ओ –चोइ–ओ

म सुत्–प्रपु–अपूःअभूत –प्रपु

नेपाली : म सुत्दै छु ।

अपूर्ण भूत काल : कुलुङ भाषामा भूत कालमा अपूर्ण पक्ष बुझाउन अभूत कालमा जस्तै –चो, –चा र –चाइ आउने गर्दछन् । अपूर्ण भूतकालिक क्रियाको प्रयोगलाई निम्नलिखित उदाहरणमा हेर्न सकिन्छ :

(३१) कोङ इम्सोचो ।

कोङ इम्स्–ओ –चो ।

म सुत्– प्रपु– अपूःभूत

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X
नेपाली : म सुत्दै थिएँ ।

कुलुङ (सन् २०२३, पृ. ९२) ले यस भाषामा अपूर्ण भविष्यत् काल पनि भएको बताएका छन् तर दिइएका उदाहरणले कालभन्दा भावलाई बुझाइएको पाइन्छ । त्यसैले यहाँ त्यसलाई समावेश गरिएको छैन ।

पूर्ण अभूत काल : कुलुङ भाषामा पूर्ण पक्ष अभूत र भूत गरी दुई कालिक परिवेशमा आएको पाइन्छ । पूर्ण पक्ष जनाउनलाई कुलुङ भाषामा /–दिन् / वा /–दित्/ प्रत्ययहरू लाग्छन् तर प्रथम पुरुष एकवचन र बहुवचनमा /दि / हटेको पाइन्छ । पूर्ण अभूतकालिक क्रियाको प्रयोगलाई निम्नलिखित उदाहरणहरूमा हेर्न सकिन्छ :

(३२) कोङ इम्सोदितो / इम्सोतो

कोङ इम्स्–ओ–दित्–ओ / त्–ओ

म सुत्– प्रपु–पूर्णःअभूत–प्रपु/ पूर्णःअभूत–प्रपु

नेपाली : म सुतेको छु ।

पूर्ण भूत काल : पूर्ण भूत कालले विगत समयमा कार्य पूरा भइसकेको अवस्थालाई बुझाउँछ । यसका लागि पूर्ण पक्ष जनाउन अभूत कालमा जस्तै/–दित्/ र भूतकाल जनाउन वैकल्पिक रूपमा /–आ/का साथै सहायक क्रिया +क+तु– आएको देखिन्छ । पूर्ण भूतकालिक क्रियाको प्रयोगलाई निम्नलिखित उदाहरणहरूमा हेर्न सकिन्छ :

(३३) कोङ इम्सोदितोक / इम्सोतोक तक् ।

कोङ्इम्स्–ओ–दित्–ओक / इम्स्–त्–ओ–क

म सुत्– प्रपु–पूर्ण–प्रपु/ पूर्ण–प्रपु –पूर्ण

नेपाली : म सुतेको थिएँ ।

यसरी कुलुङ भाषामा काल र पक्ष संश्लिष्ट भएर आएका पाइन्छन् । सबै क्रियापदमा तिनीहरूलाई भिन्न भिन्न रूपमा सजिलै छुट्याउन सकिंदैन ।

भाव : भाषाअनुसार भाव वा अर्थ विभिन्न किसिमका हुन्छन् । कुलुङ भाषामा पाइएका भावहरू निम्नलिखित छन् :

विध्यर्थक : आफू समानका वा आफूभन्दा माथिलाई सम्बोधन गर्न यो भाव व्यक्त गरिन्छ । यस्तो भाव व्यक्त गर्न क्रिया मूलमा /–ए/ प्रत्यय लाग्छ र यसले आदर भाव वा स्नेह दर्साउन सक्दछ तर आदर वा इच्छा व्यक्त गरिदैन, जस्तैः

(३४) धातु	एकवचन	द्विवचन	बहुवचन
क. "सुत्"	इम्से "सुत्"	इम्चीते "सुत" (दुई)	इम्निते "सुत" (धेरै)
ख. छाम् "लेख्"	छाप्ते "लेख्"	छाप्चीते "लेख" (दुई)	

यो भाव सबै स्तरका लागि अभिव्यक्त गरिन्छ । उमेर र सामाजिक स्तरमा निम्न भए पनि यसले नम्रता र स्नेहको भाव व्यक्त गर्दछ । यस्तो भाव व्यक्त गर्न क्रिया मूलको अन्त्यमा / ए/ मा रूपान्तरित हुन्छ, जस्तैः

(३५) धातु	एकवचन	द्विवचन	बहुवचन
क. इम्स् "सुत्"	इम्से "सुते"	इम्साची "सुते" (दुई)	इम्सानि "सुत" (धेरै)
ख. छाप् "लेख्"	छाप्ते "लेखे"	छाप्टाचे "सुते"(दुई)	छाप्टानि "लेखे" (धेरै)

यो यस भावको बहुवचन रूपको प्रयोग गरिन्छ । भाव आफूभन्दा माथिल्लो हैसियतका व्यक्ति, वरिष्ठ र जेठापाकाका निम्ति प्रयोग गरिन्छ । यस भावमा एकवचन, द्विवचन र बहुवचनमा एउटै क्रिया रूप हुन्छन्, जस्तैः

(३६) धातु बहुवचन

क. इम्स् "सुत्" इम्सानि "लेख्नुहोस्"

ख. छाप्ट् "लेख्" छाप्टानि "लेख्नुहोस्"

उपर्युक्त उदाहरणबाट यो प्रमाणित हुन्छ कि आज्ञार्थ भाव दुई थरिकै भए पनि त्यसलाई आदेशात्मक र अनुरोधात्मक तरिकाले प्रयोग गर्दा आदरका तह बढेको देखिन्छ ।

सम्भावनार्थक : यस भाव कुनै पनि घटनाको अपेक्षा वा पूर्वानुमान व्यक्त गर्नका लागि प्रयोग गरिन्छ । यो भाव पछि हुने कामका सन्दर्भमा सामान्य पक्षमा पाइँदैन, अपूर्ण र पूर्ण पक्षमा मात्र पाइन्छ । अपूर्ण सम्भावना अभिव्यक्त गर्न अपूर्ण पक्ष जनाउने सर्गका साथै क्रियाका अन्तमा / –क/ लगाएर सहायक क्रिया / छु–/ लगाइएको पाइन्छ; जस्तैः

(३७) क. कोङ्इम्सोचोइक छुओ ।

कोङ्इम्स्–ओ –चोइ–क छु–ओ

म सुत्–प्रपुएव–अपू–संभा हु–प्रपुएव

नेपाली : म सुतिरहेको हुँला ।

ख. आन् इम्चाइक छुए ।

आन् इम्स्–चाइ–क छु–ए

तँ सुत्–अपू–संभा हु–अप्रपु

नेपाली : तँ सुतिरहेको होलास् ।

ग. ख/खस इम्चाइक छुए ।

ख/ख–स इम्स्–चाइ–क छु–ए

ऊ /ऊ–अव सुत्–अपू–सं हु–अप्रपु

नेपाली : ऊ/उनीहरू सुतिरहेको होला/होलान् ।

यहाँ /–चाइ/ ले अपूर्णता र /–क/ सहितका सहायक क्रियाका सहायताबाट सम्भावना जनाइएको पाइन्छ ।

पूर्ण सम्भावना अभिव्यक्त गर्न पूर्ण पक्ष जनाउने सर्गका साथै क्रियाका अन्तमा / –क/ लगाएर सहायक क्रिया / छु–/ लागेको पाइन्छ; जस्तैः

(३८) क. कोङ्इम्सोदितोक/इम्सोतोक छुओ ।

कोङ्इम्स्–दित्–ओ /इम्स्– ओ–तो–क छु–ओ

म सुत्–पूर्ण–प्रपुएव/सुत्–प्रपुएव–पूर्ण–संभा हु–प्रपुएव

नेपाली : म सुतिसकेको हुँला ।

ख. आन् इम्दित्क छुए ।

आन् इम्स्–दित्–क छु–ए

तँ सुत्–पूर्ण–सं हु–अप्रपु

नेपाली : तँ सुतिसकेको होलास् ।

ग. ख/खस इम्दित्क छुए ।

ख/ख–स इम्स्–दित्–क छु–ए

ज्ञानदीप, वर्ष १०(२), २०८१, ISSN 2382–543X

ऊ /ऊ–अव सुत्–पूर्ण–सं हु–अप्रपु

नेपाली : ऊ/उनीहरू सुतिसकेको होला/होलान् ।

निष्कर्ष

कुलुङ भाषा संयोगात्मक भाषा देखिएको छ किनभने यस भाषाका शब्दहरूमा आधार पदमा आधेय पद जोडिन्छन् । यस भाषामा रूपायनका लागि नामिक र क्रियात्मक व्याकरणिक कोटिहरू पाइएका छन् । नामिक वर्गहरूमा लिङ्ग, वचन, पुरुष, समावेशात्मकता र कारकविभक्ति तथा क्रियात्मक व्याकरणिक कोटिहरूमा वचन, पुरुष, समावेशात्मकता, काल, पक्ष, भाव र निषेधार्थकता पर्दछन् तर वचन, पुरुष, काल र पक्षका लागि भिन्न भिन्न सर्ग नआउन सक्छन् । कतिपय अवस्थामा यिनीहरू संश्लिष्ट भएर आएका पाइन्छन् अर्थात् एउटै रूपले यी सबै व्याकरणिक कोटिको पनि अभिव्यक्ति गरेको पाइन्छ । नाममा शाब्दिक र व्युत्पादनिक लिङ्गभेद पाइन्छ । पदावलीय तहमा विशेष्यअनुसार विशेषणमा लिङ्ग सङ्गति देखिन्छ तर भेद्य र भेदकमा यस्तो भेद पाइँदैन । वाक्यात्मक तहमा लिङ्गभेद देखिएको छैन । यसैले यस भाषालाई आंशिक लिङ्गभेदी भाषा भन्न सकिन्छ । नामका एकवचन र अनेक वचन हुन्छन् । कुलुङ भाषाका सर्वनाममा भने तीन वचन पाइन्छन् । यसमा समावेशी र असमावेशी स्वरूप पनि देखिएका छन् । सबै नामिकको कारकविभक्तिमा रूपायन हुन्छ । यो आंशिक साधककर्तृक भाषा देखिएको छ ।

सन्दर्भसामग्री

अधिकारी, हेमाङ्गराज (२०४९), *समसामयिक नेपाली व्याकरण,* कुञ्जल प्रकाशन ।

कुलुङ, प्रेमचन्द्र (सन् २०१३), *भर्बल एग्रिमेन्ट इन कुलुङ,* आदिवासी जनजाति उत्थान प्रतिष्ठान ।

न्यौपाने, टङ्कप्रसाद (२०५२), *मानक नेपाली व्याकरण र कार्यमूलक लेखन,* श्याम पुस्तक भण्डार ।

न्यौपाने, टङ्कप्रसाद (२०५७), *भाषाविज्ञानको रूपरेखा,* धरान : एन.बी.डी. प्रकाशन ।

न्यौपाने, टङ्कप्रसाद र दीपक न्यौपाने (२०६३), *रूपविज्ञान,* भुँडीपुराण प्रकाशन ।

न्यौपाने, दीपकप्रसाद (२०७३), नेपालको भाषिक परिदृश्य, *संज्ञान* (वर्ष १ अङ्क १), सुकुना बहुमुखी क्याम्पस ।

राई, इन्दिरा (२०७३), किरात राई भाषाहरूको संक्षिप्त परिचय, *संज्ञान* (वर्ष १ अङ्क १), सुकुना बहुमुखी क्याम्पस ।

नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस, धरान ।